जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि




बर्ष ११ • अंक ३५४ • २०८१ असोज २६ गते शनिवार • 12 Oct. 2024 • पृष्ठ ४ • मुल्य रु.५/-






## –: पाहुना :–



**सुमान भट्टराई**

*तिमी नआइकनै*
*तिमीलाई नभनिकनै*
*रित्तो कोठा जस्तो मेरो मनमा*
*तिम्रा यादहरू बसाई सर्न आएका छन् ।*

*बाँसुरी र सारंगीको धुनले*
*बादलमा ढाकिएको जूनले*
*चरीहरूको चिरबिर*
*र भ्याउँकिरीको किरबिरले*
*डोहोर्याउँदै ल्याएका ती फरार यादहरू*
*फेरी आफ्नै घर फर्किएछन् ।*

*जसरी बगैँचाको फूल*
*मालीको नभएर डालीको हो*
*त्यसैगरी तिम्रा यादहरू पनि तिम्रै हुन् ।*
*अत्यास लाग्दा भनिदिनू*
*आएकै बाटो पठाइदिनेछु पाहुना यादहरू*
*जसले कतै बाटैमा छुटेको*
*"तिमी" बोकेर आउनेछ, तिमीमा ।*

# बाढीपहिरोको प्रभाव मुलुकको व्यापार व्यवसायमा पनि देखिए



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २५ असोज**

गत साता आएको बाढीपहिरोको प्रभाव मुलुकको व्यापार व्यवसायमा पनि देखिएको छ । बाटोघाटोमा पुगेको क्षतिले आवागमन असहज र अवरुद्ध हुँदा चौपाया व्यापार सुस्त छ ।

यहाँको गौशाला बजार जिल्लाकै एक मात्र चौपाया हाट हो । यहाँ खरिद गरिएका चौपाया ( खसीबोका र राँगाभैँसी) मुख्यत: काठमाडौँलगायत पहाडी जिल्लामा खपत हुन्छन् । चौपायाको स्थानीय उत्पादन र माग पनि यसै बजारले धान्ने गरेको छ । स्थानीय व्यापारीका अनुसार खसीबोका तथा राँगाभैँसी कारोबार हुने मुख्य सिजन दसैं नै हो तर दसैं छ दिन बितिसक्दा चौपायाको अपेक्षित कारोबार हुन सकिरहेको छैन ।

बजार ठेकेदारका अनुसार गत साता पानी पर्नुअघि गौशालामा चौपाया कारोबार प्रतिहाट एक करोड रुपियाँसम्म पुगेको थियो । यसबिच राँगाभैँसीको व्यापार नै ३० देखि ४० लाख रुपियाँसम्मको भएको थियो । शिवम राँगाभैँसी खरिद बिक्री केन्द्रका प्रोप्राइटर तथा गौशाला बजारका पुराना राँगाभैँसी व्यापारी सन्तोष झा भन्नुहुन्छ, "सुरुका दिनमा चौपाया व्यापार बढ्ने सङ्केत देखिएको थियो । अकस्मात आएको अविरल वर्षा र बाढीपछि बाहिरका व्यापारी आउन छाडेका छन् । कारोबार ठप्प छ ।" उहाँका अनुसार यसअघि गौशालाबाट प्रतिहाट सय वटाभन्दा बढी राँगाभैँसी बोकेर काठमाडौँका लागि २०/२२ वटासम्म पिकअप जाने गरेका थिए । अहिले यो क्रम टुटेको छ । वर्षा थामिएको पहिलो बजारमा त यहाँको कारोबार ठप्प नै भयो । गत सोमबारे बजारमा खरिद गरिएका एक पिकअप राँगा मात्र काठमाडौँका लागि गएको छ ।" गौशाला बजारमा सन्तोष झालगायत एक दर्जनभन्दा बढी चौपाया व्यापारी छन ।

उनीहरूका अनुसार प्रकोपपछि त्रिभुवन राजपथ (बाइरोड) मात्र खुलेकाले चौपाया कारोबार जोखिमपूर्ण छ । बाइरोडको बाटोमा ढुवानी खर्चसमेत बढी लाग्ने हुँदा फाइदा पनि नहुने भएकाले चौपाया व्यापार सुस्त बनेको हो । व्यापारीका अनुसार चौपाया व्यापारका लागि बिपी राजमार्ग सबैभन्दा सुगम हो ।

# बीपी राजमार्ग एकतर्फी खुल्यो



**जलेश्वरटुडे समाचारदाता**
**काभ्रे, २५ असोज**

काभ्रेको रोशी-११ पिप्लेमा सुख्खा पहिरोबाट अवरुद्ध भएको बीपी राजमार्ग एकतर्फी खुलेको छ । बीपी राजमार्ग अन्तर्गत पिप्लेमा सुख्खा पहिरो खसेर अवरुद्ध सडक केहीबेरअघि पन्छाएर सडक सुचारु गरेको डिभिजन सडक कार्यालय भक्तपुरका सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए । उनका अनुसार खसेको पहिरोलाई सडकबाट हटाइएको छ भने एकतर्फी रुपमा सवारी सुचारू गरिएको छ । यसअघि सुक्खा पहिरो खसेर गाडी नै पुरिएपछि बीपी राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको थियो ।

पहिरोमा खोटाङबाट काठमाडौंतर्फ जाँदै गरेको ना. १ ज. ६८१७ नम्बरको सुमोलाई पुरेको थियो भने पुरिएको गाडी निकाल्न गएको डोजरलाई समेत पहिरोले पल्टाइदिएको थियो । साथै सिन्धुलीबाट काठमाडौं तर्फ जाँदै गरेको बा. ४ ख. ४३५२ नम्बरको बसलाई सोही ठाउँको पहिरोले रोशी खोलामा धकेलेको छ ।




## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: मित्रतामा फाटो आउने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: शुभ कार्यको शुरुवात
कन्या: अनावश्यक खर्चको संभावना
तुला: मनमा पछुतो आउने
वृश्चिक: लामो यात्राको योग छ
धनु: खानपानमा समस्या आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: अनावश्यक चिन्ता
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# वर्षौंदेखि जारी राजनीतिक विवाद अन्त्य, प्रतिबन्ध हटाउने सहमति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ असोज**



अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्वानिजले दुई देशबीच वर्षौंदेखि जारी राजनीतिक विवाद अन्त्य भएको घोषणा गरेका छन्।

उनले चीनले अस्ट्रेलियाली लबस्टर (झिङ्गे माछा)को आकर्षक व्यापारमाथिको प्रतिबन्ध हटाउने बताएका छन्। लाओसमा चिनियाँ प्रधानमन्त्री ली कियाङसँगको भेटपछि अल्वानिजले भने, "यस वर्षको अन्त्यसम्ममा लबस्टरको व्यापार पूर्णरूपमा पुनः सुरु गर्ने समयतालिकामा दुवै पक्ष सहमत भएका छन्।" सन् २०१७ यता बेइजिङले वाइन, लबस्टर र काठलगायतका करिब १५ अर्ब अमेरिकी डलर बराबरको अष्ट्रेलियन निर्यातमा कर लगाएको छ। वार्षिक करिब आधा अर्ब अमेरिकी डलर बराबरको लबस्टर व्यापार चिनियाँ प्रतिबन्धबाट प्रभावित भएको अस्ट्रेलियाको केही प्रमुख निर्यातमध्ये एक हो। सम्बन्ध सुधारका लागि वर्षौंको प्रयासपछि लबस्टरको आकर्षक व्यापारमाथिको प्रतिबन्ध हटाउन चीन तयार भएको हो। चीनले दण्डात्मक करको लहर राजनीतिबाट प्रेरित भएको अस्वीकार गरेको छ।

तर हुवावेलाई अष्ट्रेलियाको फाइभजी नेटवर्क चलाउनबाट रोक्ने निर्णय र क्यानबेराले कोभिड-१९ महामारीको उत्पत्तिको अनुसन्धानको लागि कडा आह्वान गरेसँगै यी उपायहरू चालिएको थियो।

बेइजिङले युरोप र संयुक्त राज्य अमेरिकासँग गहिरो व्यापार युद्धको सामना गरिरहेको छ। अमेरिकाले चीनको विद्युतीय वाहन निर्यात, सेमीकन्डक्टर, सौर्य प्यानल र अन्य सामानहरूको दायरामा दण्डात्मक कर लगाएको छ। सन् २०२५ को सुरुमा पुनः निर्वाचन हुने अपेक्षा गरेका अल्बानिजका लागि बिहीबारको घोषणा महत्वपूर्ण राजनीतिक जित हो।

# नयाँ नोट मुद्रण नहुँदा राज्यलाई डेढ अर्ब फाइदा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ असोज**



नेपाल राष्ट्र बैंकले दसैंतिहारलाई लक्षित गरी यस वर्ष नयाँ नोट मुद्रण नगर्दा नोट सटहीको चाप ह्वात्तै घटेको छ।

गत वर्ष राष्ट्र बैंकले काठमाडौं उपत्यकामा मात्र साढे १४ अर्ब तथा देशभर २९ अर्ब नयाँ नोट सटही गरेको थियो। यस वर्ष करिब रु चार अर्बमा सिमित रहेको छ। यो झण्डै २५ अर्बले कम हो। राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागका निर्देशक बासुदेव भट्टराईका अनुसार यस वर्ष राष्ट्र बैंक मातहतका कार्यालयबाट करिब दुई अर्ब र अन्य बैंकबाट पनि सोही बराबरीको नोट सटही भएको अनुमान छ। नयाँ नोट मुद्रण नहुँदा त्यसका लागि हुने खर्च जोगिएको छभने सटहीका लागि थप जनशक्ति व्यवस्थापनको झन्झट बैंकले व्यहोर्न परेन। उनका अनुसार अघिल्लो वर्ष नयाँ नोट मुद्रणका लागि मात्रै पनि झण्डै डेढ अर्ब खर्च लागेको थियो।

'देशभर ६६ लाख घरपरिवार छन्। त्यसमा ५० प्रतिशत अर्थात् ३३ लाख परिवारलाई नयाँ नोट सटहीको पहुँच नभए पनि आधाका लागि विभिन्न दरका नोट छाप्न छ अर्बसम्म खर्च हुन्छ।' उनले भने। यस वर्ष बैंकले नयाँ नोट मुद्रण नगरी हाल चलनचल्ती रहेका सफा र सुकिला नोटको प्रयोगलाई जोड दिएको छ। बैंकको उक्त नीतिअनुरुप यस वर्षको दसैंतिहार लगायतका चाडबाडमा चलनचल्तीकै सुकिला नोट प्रयोग हुनेछ। नयाँ नोट दसैंतिहारजस्ता पर्वमा मात्र अत्याधिक माग हुने तथा त्यसपछि बैंकका ढुकुटीमा थुप्रिएर बस्ने भएकाले त्यस्ता जम्मा भएका नोटको सदुपयोग गर्ने र नोट छपाईका लागि लाग्ने फजूल गर्न राक्ने राष्ट्र बैंकले सुकिला नोटको प्रयोगलाई प्रोत्साहन गरेको हो। प्रत्येक वर्ष चाडबाडमा नयाँ नोट छापिने तथा घुमिफिरी ती नोट बैंकको ढुकुटीमा थुप्रिने क्रम बढेपछि बैंकले यस वर्ष चल्ने हदसम्म त्यस्ता नोटको सदुपयोग गर्ने निर्णयमा पुगेको निर्देशक भट्टराईको भनाइ थियो। पुराना नोट थिचिएर तथा ओसिएर स्वतः नष्ट हुँदै जाने भएकाले प्रयोग गर्न सकिने हदसम्म चलन चल्तीकै नोट उपयोग गर्न सकियोस् भनी यसपटक नयाँ नोट नछापिएको उनको भनाइ छ।

# टाटा ट्रस्टको कमान्ड सौतेनी भाइ नोएल टाटालाई



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ असोज**

रतन टाटाको मृत्युपछि समूहको सबैभन्दा ठुलो सरोकारवाला 'टाटा ट्रस्ट'को कमान्ड सौतेनी भाइ नोएल टाटालाई सुम्पिएको छ। शुक्रबार मुम्बईमा भएको बैठकमा नोएलको नाममा सहमति भएको हो। आफ्नो पारिवारिक सम्बन्ध र समूहका धेरै कम्पनीहरूमा संलग्नताका कारण नोएल टाटा टाटा विरासतलाई अगाडि बढाउने बलियो दावेदार थिए। नोएल टाटा पहिले नै सर दोराबजी टाटा ट्रस्ट र सर रतन टाटा ट्रस्टको ट्रस्टी छन्। हाल, एन चन्द्रशेखरन समूहको सबैभन्दा ठुलो कम्पनी टाटा सन्सका अध्यक्ष हुन्। तर यसभन्दा माथि टाटा ट्रस्ट रहेको छ जसको नेतृत्व टाटा परिवारका सदस्यहरूले गरेका छन्। आफ्नो मृत्युसम्म रतन टाटा ट्रस्टका प्रमुख थिए।६७ वर्षीय नोएल टाटा नवल टाटाको दोस्रो पत्नीबाट छोरा हुन्। नोएल एक आइरिस नागरिक हुन्। नोएलले आलु मेसनसँग विवाह गरेको छ। आलु टाटा सन्सको सबैभन्दा ठुलो शेयरधारक पल्लोनजी मिस्त्रीकी छोरी हुन्।यो टाटा समूहको परोपकारी संस्थाहरूको समूह हो। १३ लाख करोड रुपैयाँ र ाजस्वसहित टाटा समूहमा यसको ६६ प्रतिशत हिस्सेदारी छ। टाटा ट्रस्टहरूमा सर रतन टाटा ट्रस्ट र एलाइड ट्रस्ट र सर दोराबजी टाटा ट्रस्ट र एलाइड ट्रस्ट समावेश छन्। गरिबी निवारण, स्वास्थ्य सेवा र शिक्षामा केन्द्रित यी ट्रस्टहरू रतन टाटाको विरासतका अभिन्न अंग हुन्।

# 'ह्रस्व दीर्घ'को टिजर : एउटै भाग्य भएका जोडीले प्रेमका लागि गर्ने संघर्षको कथा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ असोज**



चन्द्र पन्त निर्देशित प्रतीक्षित फिल्म 'ह्रस्व दीर्घ'को टिजर सार्वजनिक भएको छ। दशैं फूलपातिको अवसरमा विहिबार सार्वजनिक टिजरले फिल्मको कथावस्तु र चरित्र चित्रणबारे महत्वपूर्ण प्रकाश पार्छ।

एउटै ग्रह, नक्षत्र र भाग्य भएका दुई प्रेमीले आफ्ना प्रेमलाई जीवन्त तुल्याउन धोका र षड्यन्त्रविरुद्ध गर्ने संघर्षको कथा यसमा समेटिएको छ। नीता ढुंगाना र हरिहर अधिकारीलाई रोमान्टिक जोडीको रुपमा देख्न सकिन्छ। यो मल्टिस्टारर फिल्ममा नेपाल र भारतीय फिल्मका हस्तीहरु छन्। एकातिर प्रदीप रावत, ब्रम्हनन्दम, अलिजस्ता भारतीय सिद्धहस्त कलाकार र अर्कोतिर रेखा थापा, विपना थापा, सरोज खनाल, प्रशान्त ताम्राकारजस्ता नेपाली कलाकार। रेखा सरप्राइज पक्षको रुपमा टिजरमा छन्। टिजर उनको संवाद र दृश्यसँगै सुरु हुन्छ। उनी भन्छिन्– यो चिना मैले वर्षौं पहिले हेरिसकेको छु। एउटै ग्रह, एउटै नक्षत्र, एउटै भाग्य ? असम्भव।' त्यसपछि फिल्मको कथा सुरु हुन्छ। यो फिल्ममा रेखालाई न्यारेटरको रुपमा प्रस्तुत गरिएको अनुमान लगाउन सकिन्छ। सारमा 'ह्रस्व दीर्घ' एउटै भाग्य भएका दुई जोडीको प्रेमकथा हो। फिल्मको केन्द्रीय द्वन्द्व ज्योतिषीय अन्तरविरोधदेखि सुरु हुन्छ जहाँ एउटै ग्रह र नक्षत्र भएका व्यक्ति प्रस्तुत छन्। यो फिल्ममा हरिहर, नीता र गरिमा शर्माको उपस्थितीले फिल्म त्रिकोणीय प्रेम हुनसक्ने अनुमान पनि छ। रेखा थापाबाहेक अन्य दृश्य र पात्रको संवाद प्रस्तुत नगरिएकाले निर्माताले रहस्य पत्ता लगाउने जिम्मा दर्शकको जिम्मामा छाडिदिएका छन्।

नीता फिल्म्सको प्रस्तुति रहेको यो फिल्मको निर्मात्री नीता ढुंगाना हुन्। पटकथा हरिहरले लेखेका हुन्। छायांकन भारतीय प्राविधिक कबीरलालले गरेका छन्। 'ह्रस्व दीर्घ' कात्तिक ३० गते प्रदर्शन तयारीमा छ।

# यूईएफए नेसन्स लिग : इंग्ल्यान्डमाथि ग्रिसको पहिलो जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ असोज**



ग्रिसले यूईएफए नेसन्स लिग २०२४ मा इंग्ल्यान्डलाई वेम्बलीमा बिहीबार राति २-१ ले पराजित गरेको छ। इंग्ल्यान्डमाथि ग्रिसको यो पहिलो जित हो।

लिग बी समूह टु को खेलमा भान्जेलिस पाभलिडिसले ग्रिसका लागि दुवै गोल गरे। उनले ४९ औं मिनेटमा पहिलो गोल गरे र यो नै निर्णायक हुने देखिएको थियो। तर ८७ औं मिनेटमा जुड बेलिङ्घमले इंग्ल्यान्डका लागि बराबरी गोल फर्काए। इन्ज्युरी समयको चोथो मिनेटमा पाभलिडिसले निर्णायक गोल थपे। यसै समूह टुको खेलमा आयरल्यान्डले फिनल्यान्डलाई २-१ ले हरायो।

लिग ए ग्रुप टु मा फ्रान्सले इजरायललाई ४-२ ले हरायो भने इटाली र बेल्जियमले २-२ को रोमाञ्चक बराबरी खेले। यस्तै लिग बी ग्रुप थ्री मा अस्ट्रियाले काजाकिस्तानलाई ४-० र नर्वेले स्लोभानियालाई ३-० ले हरायो। नर्वेका लागि इर्लिङ हालान्डले दुई गोल गरे र यसक्रममा उनी आफ्नो देशका लागि सर्वाधिक गोल गर्ने खेलाडी पनि बने।



# दशैं तिहारको बेला आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढे

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ असोज



दशैं, तिहार जस्ता ठूला चाडबाड सम्मुखमा छन् । दशैंमा लामो बिदा हुने भएकाले मानिसहरु घुमफिरको योजना बनाइरहेका हुन्छन् । पदयात्राका लागि यतिबेला आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको छ । नेपालीहरु विशेष गरी दशैं मनाए लगत्तै पदयात्रामा निसक्ने गर्छन् । ट्रेकिङ एशोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यका अनुसार असोजदेखि मङ्सिरसम्मको याम पदयात्राका लागि उत्तम मानिन्छ ।

कुनै समय विदेशी पर्यटकले चिनाएको नेपालको पदयात्रा पर्यटन पछिल्लो समय आन्तरिक पर्यटकमाझ पनि उत्तिकै लोकप्रिय छ । प्राकृतिक सौन्दर्य, विशिष्ट भूगोल, हावापानी, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता र संस्कृतिको अवलोकनसँगै घुमफिरको आनन्द बटुल्न पर्यटकहरु पदयात्रामा निस्कन्छन् । शारीरिक, मानसिक स्वास्थ्य र तन्दुरुस्तीका दृष्टिले पनि पदयात्रा गर्नु उपयुक्त मानिन्छ । पदयात्रा पर्यटनका लागि विश्वमै चर्चित बनेका गन्तव्यस्थल नेपालमा छन् । बर्सेनि लाखौंको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक ती गन्तव्यस्थलको पदयात्रामा निस्कन्छन् ।

तपाईं पनि यसपालिको दशैं बिदामा पदयात्राका लागि कुनै गन्तव्यस्थल रोज्दै हुनुहुन्छ भने त्यसका लागि गर्नुपर्ने बन्दोबस्ती र तयारीबारे 'टान' गण्डकीका अध्यक्ष आचार्य अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख डा रविन कडरिया र पदयात्री तथा पर्यटक पथप्रदर्शक दिवस गुरुङसँगको कुराकानीमा आधारित रहेर हामीले यो सामग्री प्रस्तुत गरेका छौं । **खर्चको जोहो** तपाई कुन गन्तव्यमा जाँदै हुनुहुन्छ भन्ने कुराले खर्चको निर्धारण गर्छ । सामान्यतया दिनको रु तीनदेखि चार हजारसम्म जोहो गर्नुहोस् । सगरमाथा क्षेत्र जाँदै हुनुहुन्छ अझ बढी पैसा लाग्छ । छोटो, मध्यम या लामो दुरीमध्ये जुन रोज्नुहुन्छ त्यसअनुसार खर्च तलमाथि हुनसक्छ । पर्यटकीय क्षेत्रको सेवासुविधा यसै पनि महङ्गो हुन्छ । अहिले प्रायः पदयात्रा गन्तव्यमा इन्टरनेट र अनलाइन सुविधा पुगेको छ । अनलाइन भुक्तानी सेवा पनि छ । विकट गाउँबस्ती र भूगोलतिर त्यो सेवा नहुन पनि सक्छ । नगद पनि बोकेर जाँदा सजिलो हुन्छ ।

आफू घुमफिरमा जान लागेको गन्तव्य र त्यहाँको भौगोलिक अवस्थाबारे जानकारी लिनुहोस् । सूचना बटुल्नुहोस् । त्यस क्षेत्रमा रहेका होटल, रेष्टुराँ र चिया घरबारे बुझ्नुहोस् । गुगल या अन्य नक्साको सहायता लिएर पनि गन्तव्यस्थलबारे धेरै कुरा थाहा पाउन सकिन्छ । कति लामो र उचाइसम्मको पदयात्रा हो त्योबारे पहिल्यै थाहा पाएर आफूलाई शारीरिक र मानसिक रुपमा तयार राख्नुपर्छ । नयाँ ठाउँबारे जान्ने जिज्ञासा र उत्साहसहित पदयात्रामा निस्कनुपर्छ । **बन्दोबस्ती** याम, मौसम, हावापानी आदि विचार गरेर लुगालगायत पदयात्राका लागि चाहिने सामग्री जुटाउनुपर्छ । सामानको जोहो गर्दा हतार गर्नुहुँदैन । झोलामा राख्नुपर्ने महत्वपूर्ण सामान छुट्न सक्छ । ट्रेकिङ झोला, जुत्ता, लट्ठीलगायत सामग्री पदयात्राका लागि नभइहुँदैन । हलुका र धेरै सामान अट्ने झोला किन्नुहोस् । ६५ लिटर जानेसम्मको ट्रेकिङ झोला भयो भने २५ किलोसम्म तौल धान्छ । आफूले बोक्ने सामानको लेखाजोखा गरेर त्यही अनुसार क्षमता भएको झोला किन्न सकिन्छ । बजारमा ट्रेकिङका लागि चाहिने सामग्री सजिलै पाइन्छ । ती सामग्री किन्न १५ हजार जति खर्च हुन्छ । गुणस्तर र ब्राण्डका कारण कुनै सामान अझै महँगो पनि पर्छ । गोल्डस्टारलगायत नेपाली ब्राण्डका ट्रेकिङ जुत्ता पनि अहिले बढी प्रयोगमा आइरहेको छ । जुत्ता आरामदायी, बाक्लो सोल र ग्रिप भएको, झट्ट पानी नछिर्ने, हिलो र हिउँमा नचिप्लने चाहिन्छ । ट्रेकिङ ज्याकेट, टिसर्ट, ट्र्याक, ट्राउजर, टोपी, मोजा र पञ्जा आवश्यक पर्छ । गर्मी याम छ भने सोही अनुसारको लुगा चाहिन्छ । जाडो याम छ र हिमाली क्षेत्रमा जाँदै हुनुहुन्छ भने फेदर डाउन ज्याकेटलगायत न्यानो लुगा बोक्नुहोस् । पदयात्रामा जाँदा आँखाका सुरक्षाका लागि चश्मा अनिवार्य चाहिन्छ । गर्मी याममा घामबाट जोगिने चश्मा प्रयोग गर्नुपर्छ । टोपी र ह्याट पनि त्यही अनुसार चाहिन्छ । छालालाई घामबाट जोगाउने क्रिम, लोसन पनि प्रयोग गर्न सकिन्छ । **एक्लै निहिँड्नुस्** नयाँ र टाढाको गन्तव्यस्थल छ भने एक्लै पदयात्रामा निस्कनुहुँदैन । नजिक र मानिसको आउजाउ बाक्लो हुने ठाउँ छ भने छोटो दुरीको पदयात्रा एक्लै पनि गर्न सकिन्छ । पदयात्रामा जाँदा पथप्रदर्शक साथमा लिएर जाँदा धेरै सहज हुन्छ । समूहमा पदयात्रा गर्दा झनै सजिलो । सुरक्षादेखि अन्य व्यववस्थापकीय तयारीका लागि पनि समूहमा जाँदा उपयुक्त हुन्छ । पछिल्लो समय पथप्रदर्शक नलिई पदयात्रामा जान नपाइने नीति पनि सरकारले ल्याएको छ । एक्लै हिँड्दा सुरक्षा जोखिम हुन्छ । दुर्घटना भइहोलमा उद्धार जटिल बन्छ । हिमाली भेग छ भने विशेष ख्याल गर्नुपर्छ । हाम्रो हिमालय क्षेत्रमा झण्डै छ हजार मिटरसम्म उचाइ छिचोलेर पदयात्रा गर्नुपर्ने गन्तव्य छन् । **औषधि र हलुका खानेकुरा** पदयात्रामा निस्कँदा प्राथमिक उपचारका औषधि र सामग्री साथमा बोक्नुपर्छ । आफूले कुनै नियमित खाने गरेको औषधि छ भने नबिर्सिई झोलामा राख्नुहोस् । उचाइमा जाँदा लेक लाग्ने समस्या हुनसक्छ ।

## छिन्नमस्ता र कंकालिनी मन्दिरमा हेलिकप्टरबाट पुष्प वृष्टि गरियो

जलेश्वरटुडे समाचारदाता
सप्तरी, २५ असोज



बडादसैंको अवसरमा सप्तरीको छिन्नमस्ता र कंकालिनी भगवती मन्दिरमा पुष्प वृष्टि गरिएको छ । नेपाली सेनाको हेलिकप्टरबाट छिन्नमस्ता गाउँपालिका-३ सखडा स्थित उक्त मन्दिरमा पुष्पवृष्टि गरिएको गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले जानकारी दिए ।

पहिलो पटक आज छिन्नमस्ता गाउँपालिकाको आग्रहमा नेपाली सेनाको हेलिकप्टरमार्फत् पुष्पवृष्टि गरिएको उनले बताए । 'धार्मिक आस्था र मातृ शक्तिप्रति श्रद्धा व्यक्त गर्दै छिन्नमस्ताको अद्भुत शक्तिको सम्मानस्वरूप पहिलो पटक हामीले अष्टमीको दिने पुष्प वृष्टि गर्दा यहाँका भक्तजन र यस क्षेत्रका स्थानीयवासी खुशी भएका छन्", अध्यक्ष चौधरीले भने ।

राजबिराजदेखि १० किलोमिटर दक्षिणमा पर्ने छिन्नमस्ता गाउँपालिकास्थित ठूलोपोखरीको उत्तरी डिलमा अवस्थित छिन्नमस्ता मुलुकका प्रमुख ५१ शक्तिपीठमध्ये एक मानिन्छ । यस मन्दिरमा बडा दसैंमा मेलासमेत लाग्ने गरेको मन्दिरको पीठाधीस महानन्द ठाकुरले बताए । उनका अनुसार यस मन्दिरमा भाकल पुरा भएपछि लड्डु र बोका चढाउने परम्परा छ । त्यसैगरी यहाँको हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भारदहस्थित कङ्कालिनी मन्दिरसमेतमा आजै नेपाली सेनाको हेलिकप्टर मार्फत पुष्प वृष्टि गरिएको छ । विगत दुईवर्षदेखि बडा दसैंको महानवमीका दिन यहाँ हेलिकप्टर मार्फत पुष्प वृष्टि गराउन थालिएको हो । कङ्कालिनी मन्दिरमा दसैंको नवमी तिथिका दिन यस मन्दिरमा राँगो बली दिने चलन छ । हालसम्म छ सय २१ वटा राँगो यहाँ बली दिइएको मन्दिर विकास समितिले जनाएको छ । यहाँ पनि आज ठूलो मेला लागेको छ ।

## राजदेवी मन्दिरमा यसपाली १५ हजार ४ वटा बोकाको वलि प्रदान



जलेश्वरटुडे समाचारदाता
धनुषा, २५ असोज

जनकपुरधामको राजदेवी मन्दिरमा यसपाली १५ हजार ४ वटा बोकाको वलि प्रदान गरिएको छ ।

बिहीवार राति ८ बजेर ३९ मिनेटमा शुरु भएको वलि प्रदान कार्यक्रम बिहान ४ बजेर ५ मिनेटसम्म चलेको थियो । महावीर युवा कमिटीका अनुसार रसिद बाट १४,६५२, कमिटीको ९, नेपाल सरकारका विभिन्न निकायबाट ९३ र नि:शुल्क २५० वटा बोकाको वलि दिइएको छ । गत वर्ष १५ हजार २ सय ५१ बोकाको वलि दिइएको थियो । मन्दिरमा बली चढाउनका लागि नेपालको धनुषा, महोत्तरी, सिराहा, सप्तरी, रौतहट, सर्लाही सहितको स्थानका साथै भारत बिहार राज्यको विभिन्न स्थानहरूबाट समेत भक्तजन आउने गर्दछन् ।

## देशभरी गरियो नौ कन्याको पूजा

जलेश्वरटुडे समाचारदाता
धनुषा, २५ असोज



नवमी तिथिको अवसरमा देशभरी नौ जना कन्याको विधिपूर्वक पूजा गरिएका छन् । मधेस प्रदेशका आठ वटै जिल्ला सहित देशभरी विधिपूर्वक नौ कन्याहरुको पुजा गरिएका छन् ।

यस अवसरमा ती आमन्त्रित नौ कन्याहरुलाई विशेष आदर तथा भक्ति सहित भगवतिको रुपमा आस्था राखी तिनीहरुको खुट्टा सफा पानीले धोएर आँचलले सफा गर्ने आस्था रहेको छ । त्यसपछि खुट्टालाई रातो रंगले रंगेर कपाल बाँध्ने तथा नयाँ पोशाक समेत चढाउने चलन रहेको छ । यति गरी सकेपछि मिष्ठान,चावलको खीर,पुरी,तरकारी आदि खुवाएर कोसेली समेत दिएर विदा गर्ने चलन रहेको छ । राष्ट्रपति भवन शीतल निवासमा राष्ट्रपति पौडेल, प्रथम महिला सविता पौडेलले नौ कन्याहरूको पूजा गरेका हुन् । नवरात्रमा दुर्गादेवीका नौ रूप शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि महागौरी र सिद्धिदात्रीको पूजार्चनासँगै ती देवीका प्रतीक मानेर देशभरी नै पुजाआजा गरिएका छन् ।

विजया दशैंको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा,पाचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी र सातौं दिन कालरात्री, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्री देवीको पूजा गरिन्छ । विजया दशमीको पहिलो दिन एक वर्षकी कन्या, त्यसपछि क्रमशः २,३,४,५,६,७,८,९ वर्षकी कन्याको पूजा गरिन्छ । वैदिक सत्य सनातन हिन्दू धर्म शास्त्रमा वर्णित विधिअनुसार हरेक दिन कन्याहरुको पूजा गर्नुपर्ने भनिए पनि सजिलोका लागि अहिले महानवमीको दिनमा एकै पटक नवकन्याहरुलाई नवदुर्गाको प्रतिक मानेर पूजा गरिएको हो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday